**2022 (चरण 2) खपत भौचर योजना**

**योजनाको विषयमा जानकारी नोटहरू**

2022 (चरण 2) खपत भौचर योजना (“योजना”) अन्तर्गत, स्थानीय अर्थतन्त्रको पुनरूत्थानलाई गति दिन र डिजिटल अर्थतन्त्रको विकास प्रवर्धन गर्नका साथै स्थानीय खपत बृद्धि गर्ने दृष्टिकोणले हरेक योग्य व्यक्तिलाई किस्ताबन्दी रूपमा $10,000 / $5,000 को विद्युतीय खपत भौचर वितरण गरिने छ।

**<u>योग्यता मापदण्ड</u>**

दर्तावालले निम्न मापदण्ड पुरा गर्नुपर्छ[नोट1] -

(A) 13 जुन 2022 मा वा सोभन्दा अघि 18 वर्ष वा माथिको उमेरको हुनुपर्ने; र

(B) 13 जुन 2022 मा,

(i) मान्य हङकङ स्थायी परिचय पत्रवाहक ("HKPIC")[नोट 2] वा व्यक्ति दर्ता नियमावली, क्याप 177A अन्तर्गत दर्ता आयुक्तले जारी गरेको मान्य अपवादको प्रमाणपत्र ("EC") भएको हङकङको स्थायी बासिन्दा; वा

(ii) मान्य हङकङ परिचय पत्रवाहक ("HKIC")[नोट 2] वा व्यक्ति दर्ता नियमावली, क्याप 177A अन्तर्गत दर्ता आयुक्तले जारी गरेको मान्य अपवादको प्रमाणपत्र ("EC") भएको हङकङको बासिन्दा जो हङकङ र मकाउको अनुमति (साधारणतयाः “एकतर्फी अनुमति” भनी बुझिने) का लागि हङकङ आएको छ वा जोसँग माथिको (B)(i) ले प्रायोजन गरेको आश्रितको रूपमा हङकङमा रहने मान्य अनुमति [नोट 3] छ; वा

(iii) नोटहरू 4 अनुसार, मान्य HKIC[नोट 2] वा व्यक्ति दर्ता नियमावली, क्याप 177A अन्तर्गत दर्ता आयुक्तले जारी गरेको मान्य EC भएको हङकङको बासिन्दा [नोट 3] र माथि (B)(ii) मा नपर्ने खालको व्यक्ति; र

(C) स्थायी रूपमा हङकङबाट प्रस्थान नगरेको वा यस्तो नियत नभएको [नोट 5].

[नोट 1: हङकङ विशेष प्रशासनिक क्षेत्र सरकार ("सरकार") ले व्यक्ति दर्तावालसँग सम्बन्धित विशिष्टीकृत मापदण्ड (भन्नाले, मापदण्ड (A) देखि (C)) र अन्य कारणहरूलाई ध्यानमा राखेर व्यक्ति दर्तावालहरूको योग्यता निर्णय गर्ने अधिकार राख्दछ जसलाई सरकारले 2022 खपत भौचर योजना (“योजना”) को प्रयोजनका लागि सान्दर्भिक ठान्दछ (सार्वजनिक कोषको सही प्रयोगको सुनिश्चितता, योजनाको दुरूपयोगबाट रोकथाम, प्रचलित कानूनी प्रावधान र आवश्यकताहरूसँग बाझिने कुनै पनि खर्चको रोकथामलगायत अन्य)।]

[नोट 2: यदि दर्तावालसँग मान्य संकलन अवधीको HKPIC वा HKIC को निवेदन स्विकार गरिएको प्रमाण (भन्नाले ROP140/ROP140A) छ भने HKPIC वा HKIC को कागजात प्रमाणसम्वन्धी मापदण्ड (B) पुरा गरेको मानिन्छ । यो योजनाको प्रयोजनका लागि, एचकेआइसीले कार्डको अगाडिको भागमा "हङकङ परिचय पत्र" शब्द उल्लेख भएको परिचयपत्रलाई जनाउँछ।]

[नोट 3: यो योजनाको प्रयोजनका लागि, “हङकङमा रहन मान्य अनुमति” को अर्थ आगन्तुकहरूको रूपमा हङकङमा रहने अनुमतिबाहेक अध्यागमन अध्यादेश, क्याप. 115 अन्तर्गत हङकङमा रहन पाउने अनुमति हो ।]

[नोट 4: दर्ता आयुक्तले क्याप 177A (उपयुक्त हुँदा) अन्तर्गत जारी गरेको मान्य एचकेआइसी वा इसीवाहक निम्न व्यक्तिहरू हङकङमा रहनका लागि मान्य अनुमति भएपनि यो योजनाका लागि अयोग्य छन्-

- सरकारको श्रम आयात योजनाअन्तर्गत हङकङबाहिरबाट सम्झौता कामदारको रूपमा काम गरिरहेको व्यक्ति; वा
- हङकङबाहिरबाट घरेलु कामदारको रूपमा काम गरिरहेको व्यक्ति; वा
- कन्सुलर सम्बन्ध अध्यादेश क्याप. 557 को अर्थभित्र कन्सुलर पदको सदस्य रहेको व्यक्ति; वा

- हङकङ ग्यारिसनको सदस्य भएको व्यक्ति; वा
- सिफारिस गरिएको केन्द्रीय जनसरकारको यात्रा कागजातवाहक व्यक्ति ।]

[नोट 5: यो योजनाको प्रयोजनका लागि, व्यक्तिले स्थायी रूपमा हङकङ छोडेको छ वा उसको यस्तो नियत छ भनी निर्धारण गर्नका लागि, सरकारले निम्न कारणलगायतलाई ध्यानमा राख्ने छ -

(a) सो व्यक्ति 18 जुन 2019 देखि 12 जुन 2022 सम्मको समयावधिमा नियमित रूपमा हङकङमा अनुपस्थित भइरहेको छ की छैन र यदि छ भने, भनिएको अवधीमा, ऊ:

(i) पोर्टेबल विस्तृत सामाजिक सुरक्षा सहायता योजनाअन्तर्गतको सहायता, गुआङ्गडोङ्ग योजना वा फुजियान योजनाअन्तर्गत भत्ता प्राप्त गरिरहेको थियो की थिएन;

(ii) सम्बन्धित अधिकारीले मान्यता दिएको हङकङबाहिरको विद्यालय/विश्वविद्यालयमा पढिरहेको थियो की थिएन;

(iii) श्रम विभागले सञ्चालन गरेको कामदार विदा योजनाको सहभागी थियो की थिएन;

(iv) मेडिकल कारणले हङकङबाहिरका अस्पतालमा भर्ना भएको थियो की थिएन;

(v) सरकार वा हङकङमा रहेको कम्पनी/संस्थाका लागि अस्थायी रूपमा* हङकङबाहिर काम गरिरहेको थियो की थिएन, वा यस्तो काम गरिरहेको परिवारका निकट सदस्यसँग बसिरहेको थियो की थिएन; र/वा

(vi) सरकारले यो योजनाको प्रयोजनका लागि मान्य भनी निर्धारण गरेको हुन सक्ने अन्य असाधारण कारण(हरू) मा पर्यो की परेन; र

*यो योजनाको प्रयोजनका लागि, यसको अर्थ सो व्यक्तिले हङकङमा रहेको कम्पनी वा संस्थासँग काम गरिरहेको छ र हङकङबाहिर अस्थायी रूपमा खटाइएको छ, र निजको खटनपटन पुरा भएपछि हङकङमा फर्किने नियत छ ।*

(b) 13 जुन 2022 मा वा सोभन्दा पहिला, निज व्यक्तिले एमपीएफ कानूनअन्तर्गत

हङकङबाट स्थानीय प्रस्थानको धरातलमा 65 वर्ष पुग्नुभन्दा अगाडि उनको अनिवार्य प्रोभिडेन्ड फन्ड ("MPF") वा एमपिएफ छुट भएको  पेशागत अवकाश योजना (रिकग्नाइज्ड अकुपेशनल रिटायरमेन्ट स्किन) को लाभहरू झिक्नका लागि कुनै मान्य दावी अनुरोध पेश गरेको छ की छैन; र

(c) 13 जुन 2022 मा, यदि सो व्यक्ति हङकङको स्थायी बासिन्दा हो भने निजसँग स्थानीय रूपमा जारी गरिएको एचकेपीआइसी छ की छैन; र

(d) सरकारसँग निकट भविष्यमा सो व्यक्ति हङकङ फर्किने नियत नभएको विश्वासिलो प्रमाण वा सूचना छ वा छैन।]

**भौचरको मूल्य**

| | **योग्यता मापदण्ड (A); (B)(i) वा (B)(ii); र (C) पुरा गर्ने दर्तावालहरू** | **योग्यता मापदण्ड (A); (B)(iii); र (C) पुरा गर्ने दर्तावालहरू** |
|---|---|---|
| **2022 (चरण 1) खपत भौचर योजनाअन्तर्गत भौचर वितरण गरिएका योग्य दर्तावालहरू** | $5,000 | यो योजनाअन्तर्गत कुनै पनि भौचर वितरण गरिनेछैन |
| **2022 (चरण 1) खपत भौचर योजनाअन्तर्गत भौचर वितरण नगरिएका योग्य दर्तावालहरू** | $10,000 | $5,000 |

**दर्ता, संकलन र प्रयोग**

योग्य व्यक्तिहरूले निम्न स्टोर्ड भ्यालू फसिलिटीज ("SVFs") बाट भौचरहरू संकलन गर्न

सक्नेछन्: Alipay HK, BoC Pay, Octopus, HSBC बाट PayMe , Tap & Go र WeChat Pay HK.

***दर्ता***

2021 को खपत भौचर योजनामा सफलतापूर्वक दर्ता भएका दर्तावाहरूका लागि, उनीहरूले उनीहरूको दर्ता डाटा संशोधन गर्न चाहेको अवस्थामा बाहेक (भौचर प्राप्त गर्ने एसभिएफ खातासहित), पुनः दर्ता गर्नुपर्दैन र उनीहरूको योग्यता यकिन भएपछि सोही एसभीएफ खातामार्फत सम्बन्धित भौचरहरू स्वचालित रूपमा प्राप्त गर्नेछन्। यदि उनीहरूले दर्ता डाटा संशोधन गर्न चाहनेमा वा तिनीहरू 2021 को खपत भौचर योजनामा सफलतापूर्वक दर्ता नभएको भएमा, उनीहरूले 23 जुन देखि 23 जुलाई सम्म योजनाको वेवसाइटमा केन्द्रीय दर्ता पोर्टलमार्फत (www.consumptionvoucher.gov.hk) अनलाईनको माध्यमबाट वा कुनै एक अस्थायी सेवा केन्द्रमा (कृपया सेवा केन्द्रमा भ्रमण गर्नुअघि अपोइन्टमेन्ट लिन 18 5000 मा फोन गर्नुहोला) दर्ता गर्न सक्छन् ।

***संकलन***

अक्टोपस छानेका सफल दर्तावालहरूले निम्न च्यानलहरूको माध्यमबाट खपत भौचरहरू संकलन गर्न सक्नेछन्ः

1. एमटीआर स्टेशनहरू, लाईट रेल ग्राहक सेवा केन्द्रहरू, तोकिएका सार्वजनिक यातायात परिवर्तनहरू र तोकिएका फेरी पियरहरूमा स्थापना गरिएका अनुदान संकलन विन्दुहरू;
2. 7-Eleven, Circle K, Wellcome, Market Place by Jasons, Market Place, 3hreesixty र Jasons ichiba का सबै आउटलेटहरू;
3. अक्टोपस सर्भिस प्वाइन्टहरू; र
4. अक्टोपस एप।

Alipay HK, BoC Pay, HSBC बाट PayMe, Tap & Go र WeChat Pay HK छानेका सफल दर्तावालहरूका लागि, खपत भौचरहरू सिधै दर्ता गरिएको एसभिएफ खाताहरूमा जम्मा गरिने छ।

***प्रयोग***

खपत भौचरहरू स्थानीय खुद्रा, क्याटरिङ र सेवा आउटलेटहरू वा तिनीहरूको अनलाईन प्लेटफर्महरूमा प्रयोग गर्न सकिन्छ । निम्न कारोबारहरू समेटिएको छैनः

- सरकारी भुक्तानीहरू (उदाहरणका लागि, कर, जरिवाना, लाईसेन्स शुल्क, सुरूङ शुल्क, पार्किङ मिटरहरू)
- सार्वजनिक उपयोगिताको भुक्तानी (भन्नाले, पानी, विजुली र ग्याँस)
- सार्वजनिक संस्थाहरूमा भुक्तानी (उदाहरणका लागि, अस्पताल प्राधिकरण, हङकङ आवास प्राधिकरण, हङकङ आवास समाज)
- शैक्षिक खर्चहरू (भन्नाले, स्थानीय वा गैरस्थानीय पाठ्यक्रम उपलब्ध गराइरहेका प्राथमिक तथा माध्यमिक विद्यालयहरूमा गरिने भुक्तानी)
- वित्तीय उत्पादन र सेवाहरूको खरीद (उदाहरणका लागि, बीमा)
- दान (परोपकारी, धार्मिक र राजनीतिक संस्थाहरूसहित)
- हङकङबाहिर रहेका व्यापारीहरूबाट सिधै खरीद (स्थानीय रूपमा बनाइएका गैरस्थानीय अनलाईन प्लेटफर्महरूमार्फत गरिएका अनलाईन खरीदसहित)
- व्यक्ति व्यक्तिसम्मको भुक्तानीहरू
- इनक्यासमेन्ट

## <u>समयतालिका</u>

***$5,000 मूल्यबराबरको भौचरप्राप्त गर्ने योग्य दर्तावालहरू***

*अक्टोपस*

| |
|---|
| **पहिलो भौचर ($2,000)** |
| 7 अगस्ट |
| **दोस्रो भौचर ($2,000)** |
| 1 अक्टोबर |
| **तेस्रो भौचर ($1,000)** |
| 16 डिसेम्बर 2022<br>(यदि जम्मा योग्य खर्च 30 नोभेम्बर 2022 सम्म $4,000 पुगेमा)<br><br>वा 16 जनवरी 2023 / 16 फेब्रुअरी 2023 / 16 मार्च 2023 / 16 अप्रिल 2023<br>(यदि जम्मा योग्य खर्च 31 डिसेम्बर 2022 / 31 जनवरी 2023 / 28 फेब्रुअरी 2023 / 31 मार्च 2023 सम्म $4,000 पुगेमा) |

भौचर 30 सेप्टेम्बर 2023 सम्म संकलन गरिसक्नुपर्नेछ।

*AlipayHK, BoC Pay, HSBC को PayMe, Tap&Go, WeChat Pay HK*

| **वितरण मिति** |
|---|
| **पहिलो भौचर ($2,000)** |
| 7 अगस्ट |
| **दोस्रो भौचर ($3,000)** |
| 1 अक्टोबर |

भौचरहरूको म्याद 28 फेब्रुअरी 2023 मा समाप्त हुने छ।

***$10,000 मूल्यबराबरको भौचर प्राप्त गर्ने योग्य दर्तावालहरू***

*अक्टोपस*

| |
|---|
| **पहिलो भौचर ($3,000)** |
| 7 अगस्ट |
| **दोस्रो भौचर ($3,000)** |

| |
|---|
| 1 अक्टोबर |
| **तेस्रो भौचर ($3,000)** |
| 1 डिसेम्बर |
| **चौथो भौचर ($1,000)** |
| 16 फेब्रुअरी 2023<br>(यदि जम्मा योग्य खर्च 31 जनवरी 2023 सम्म $9,000 पुगेमा)<br><br>वा 16 मार्च 2023 / 16 अप्रिल 2023 / 16 मे 2023 / 16 जुन 2023 (यदि जम्मा योग्य खर्च 28 फेब्रुअरी 2023 / 31 मार्च 2023 / 30 अप्रिल 2023 / 31 मे 2023 सम्म $9,000 पुगेमा) |

भौचर 30 सेप्टेम्बर 2023 सम्म संकलन गरिसक्नुपर्नेछ।

*AlipayHK, BoC Pay, HSBC को PayMe, Tap&Go, WeChat Pay HK*

| **वितरण मिति** |
|---|
| **पहिलो भौचर ($3,000)** |
| 7 अगस्ट |
| **दोस्रो भौचर ($3,000)** |
| 1 अक्टोबर |
| **तेस्रो भौचर ($4,000)** |
| 1 डिसेम्बर |

भौचरहरूको म्याद 30 अप्रिल 2023 मा समाप्त हुने छ।

**<u>सोधपुछहरू</u>**

कृपया योजना हटलाईनलाई 18 5000 मा फोन गर्नुहोस्। यदि तपाईंलाई योजना हटलाईनका कर्मचारीसँग सञ्चार गर्नका लागि चीरको दोभाषे सेवा चाहिन्छ भने, कृपया चीरको हटलाईन 3755 6822 मा सम्पर्क गर्नुहोस्।